नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग

# करदाता सेवा कार्यालय महाराजगंज

करदाता सेवाशाखा

फोन नं०१४२१८९५३
०१४२२७६२१
फयाक्स: ०१४२२७६०४

प.सं.:२०७३।०७४
च.नं. ३६९

मिति: २०७३।०७।०४

## आयकर छुट पाउने संस्था दर्ता प्रमाणपत्र

**आयकर छुट प्रमाणपत्र नम्बर :** ६८ **जारी मिति :** २०६९।०७।२३

देहायमा उल्लेख भएको संस्था आयकर ऐन, २०५८ को दफा २ को खण्ड (ध) को उपखण्ड (१) को (क) मा उल्लेख भए बमोजिमको नाफा नकमाउने उद्देश्यले स्थापना भएको हिमालयन क्लाइमेट इनिसिएटिभ संस्था रहेको / (ख) मा उल्लेख भए बमोजिमको सामाजिक संस्था रहेको / खेलकुद सम्बन्धी सुविधा प्रवर्द्धन गर्ने उद्देश्यले गठन भएको अव्यवसायी खेलकुद संस्था रहेको देखिएकोले आयकर ऐन, २०५८ को दफा २ को खण्ड (ध) को उपखण्ड (१) तथा आयकर नियमावली, २०५९ को नियम ३ को उपनियम (२) बमोजिम सो संस्थालाई आयकर छुट पाउने संस्थाको रुपमा दर्ता गरी यो प्रमाणपत्र दिइएको छ।

१. संस्था सम्बन्धी विवरण

क) स्थायी लेखा नम्बर ३०४९१८०३४

ख) नाम : हिमालयन क्लाइमेट इनिसिएटिभ

ग) ठेगाना : पानीपोखरी ३, काठमाण्डौं

घ) फोन नम्बर : ०१४४४२५६८

ङ) ईमेल ठेगाना / वेबसाइट : info@himalayanclimate.org

च) संस्थाको उद्देश्य : सामाजिक तथा सामुदायिक सेवाहरू

छ) भौगोलिक कार्यक्षेत्र : काठमाण्डौ महानगरपालीका

२. संस्थाको प्रारम्भिक दर्ता सम्बन्धी विवरण

क) दर्ता गर्ने निकाय : जिल्ला प्रशासन कार्यालय

ख) दर्ता नम्बर : ८०४

ग) दर्ता मिति : २०६७।११।३०

३. मुख्य व्यक्तिको विवरण

क) नाम र ठेगाना : प्रशान्त सिंह

ख) फोन / मोबाइल नम्बर : ९८५१०३४१०६

ग) ईमेल ठेगाना :

०७३।०७।०४
(..............................)
कर अधिकृत

कर अधिकृत

## नवीकरण सम्बन्धी विवरण

संस्थाको नाम : हिमालयन क्लाइमेट इनिसिएटिभ          आयकर छुट प्रमाणपत्र नम्बर: : ६८

| क.सं. | आय बर्ष | नवीकरण भएको मिति | नवीकरण गर्ने अधिकृतको नाम, थर र दर्जा | नवीकरण गर्ने अधिकृतको दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

**द्रष्टब्य : यो प्रमाणपत्र प्राप्त गरेको संस्थाले देहाय बमोजिमका ब्यबस्था पालना गर्नु पर्नेछ :**

१. संस्थाको दर्ता प्रमाणपत्रमा उल्लेख भए बाहेक अन्य काम गरेमा कर छुटको सुविधा प्राप्त हुने छैन ।

२. संस्थाले प्राप्त गरेको रकम वा आयमध्ये आयकर ऐन, २०५८ को दफा १० को खण्ड (छ) मा उल्लिखित देहायको रकम बाहेक अन्य आयमा आयकर छुट हुने छैन :

(क) चन्दा उपहार, र

(ख) कुनै ब्यक्तिले कुनै प्रतिफल प्राप्त नगरी वा प्रतिफलको आश नगरी संस्थाको उद्देश्यसंग प्रत्यक्ष रुपले सम्बन्धित कार्यका लागि प्रदान गरेका रकम वा योगदानहरु ।

३. संस्थाले चन्दा उपहार र कुनै ब्यक्तिले कुनै प्रतिफल प्राप्त नगरी वा प्रतिफलको आश नगरी संस्थाको उद्देश्यसंग प्रत्यक्ष रुपले सम्बन्धित कार्यका लागि प्रदान गरेका रकम वा योगदानहरु बाहेक अन्य कुनै आय आर्जन गरेमा सो रकमलाई करयोग्य आयमा समावेश गरी आयकर ऐन, २०५८ को दफा ९६ बमोजिम आय विवरण पेश गरी आयकर ऐन, २०५८ को दफा ९९ बमोजिम कर निर्धारण र दाखिला गर्नु पर्नेछ ।

४. आयकर ऐन, २०५८ को दफा ८७, ८८, ८८क र ८९ बमोजिम कुनै पनि ब्यक्ति वा निकायलाई पारिश्रमिक, सेवा शुल्क वा लगानी प्रतिफल, आकस्मिक लाभ र ठेक्का वा करार बापतको कुनै रकम भुक्तानी गर्दा तत् तत् दफामा तोकिएको दरले हुने रकम अग्रिम कर कट्टी गरी सोको विवरण र करको रकम प्रत्येक महिना समाप्त भएको २५ दिन भित्र सम्बन्धित कार्यालयमा दाखिला गर्नु पर्नेछ ।

५. हरेक आय बर्षको असोज मसान्त भित्रमा यो प्रमाणपत्र नवीकरण गराउनु पर्नेछ । प्रमाणपत्र नवीकरण गराउने प्रयोजनका लागि निवेदन दिंदा देहायका कागजात वा विवरण निवेदन साथ संलग्न हुनु पर्नेछ :

(क) गत बर्षको वित्तिय विवरण ।

(ख) आयकर ऐन, २०५८ को दफा ९६ बमोजिम गत बर्षको आय विवरण *(आयकर ऐन, २०५८ को दफा १० को खण्ड (छ) मा उल्लिखित आय बाहेक अन्य आय आर्जन गरेकोमा मात्र)* ।

(ग) गत बर्षमा अग्रिम कर कट्टी गर्नुपर्ने खर्चहरुको विवरण तथा कर कट्टी गरेको रकम राजस्व दाखिला गरेको प्रमाण ।

६. तोकिएको समयमा प्रमाणपत्र नवीकरण नगराएमा कर छुटको सुविधा प्राप्त हुने छैन ।